# सूचना

सूचना प्रकाशन मितिः-२०८०।११।०३
दरखास्त दिने अन्तिम मितिः-२०८०।११।१७

बिषयः **सि.वि.आर. कार्यक्रम सञ्चालनका लागि प्रस्तावना आव्हान सम्बन्धी सूचना ।**

भरतपुर महानगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुका लागि बागमती प्रदेश सरकारबाट प्राप्त शशर्त अनुदान शिर्षक अन्तर्गत समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम कार्यान्वयन गर्न अपाङ्गता भएका व्यक्तिहरुका क्षेत्रमा काम गर्ने स्थानीय गैर सरकारी सामाजिक संघ संस्थाहरुवाट तपसिल शर्तका अधिनमा रहि सि.वि.आर. कार्यक्रम सञ्चालन कार्यबिधि बमोजिम संचालन गर्नका लागि प्रस्ताव आह्वान गरिएको छ । सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायमा उल्लेखित कागजातहरु सहित प्रस्ताव पेश गर्न हुन संबन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>कार्यक्रम सञ्चालनका शर्तहरु</u>

- अपाङ्गता भएका व्यक्तिहरुका बारेमा विद्यमान कानुनमा भएका व्यवस्था,अपाङ्गता भएका व्यक्तिले प्राप्त गर्न सक्ने सुविधा बारे जानकारी एवं परामर्श दिनुका साथै सेवा सुविधा प्राप्त गर्न सहयोग गर्ने ।
- अपाङ्गता भएका व्यक्ति,परिवार, स्थानीय निकायका पदाधिकारीहरुलाई अपाङ्गता भएका व्यक्तिहरुका अधिकार र कर्तव्य बारे तालिम/गोष्ठी र अन्तरकृया कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सि.वि.आर. कार्यक्रम सञ्चालन कार्यबिधि वमोजिम सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका लागि अवसर, पहुच सम्बन्धी कृयाकलापहरु सञ्चालन (शिक्षा,स्वास्थ्य,सीप तथा व्यवसायिक विकास कार्यक्रमहरु,नेतृत्व विकास संबन्धि आयआर्जन कार्यक्रमहरु,सहायता सामग्री वितरण लगायत कार्यक्रमहरु) गर्नु पर्ने छ ।
- कार्यक्रम भरतपुर महानगरपालिका वडा नं १ देखि २९ भित्र केन्द्रित भई सञ्चालन गर्नु पर्नेछ ।

<u>पेश गर्नु पर्ने कागजातहरु</u>

१. संस्था दर्ता प्रमाणपत्र प्रतिलिपि थान १
२. संस्था दर्ता नवीकरण भएको प्रमाणित कागजात
३. संस्थाको विधानको प्रतिलिपि थान १
४.संस्थाको गत आ.ब. को लेखा परीक्षण प्रतिवेदन थान १

२०८०।११।३

शान्ता कुमारी पौडेल
निर्देशक
स्वास्थ्य तथा सामाजिक विकास महाशाखा
निर्देशक (अधिकृतस्तर दशौं)